नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा. परिपत्र संख्या:-* ४०० *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **DEEMED EXPORT** लाई निर्यात सरह मान्यता दिने बारे ।

महाशय,

कुनै नेपाली उत्पादनकर्ताले आफ्नो उत्पादित वस्तु द्विपक्षीय वा वहुपक्षीय सहायता अन्तर्गत सञ्चालित आयोजनाहरू वा विदेशी सरकार वा विदेशी संघ, संस्थाहरूद्वारा परिवर्त्य विदेशी मुद्रामा खर्च व्यहोर्ने गरी सञ्चालित आयोजनाहरूमा ग्लोबल टेण्डर वा लोकल टेण्डर वा आपूर्ति सम्झौताको माध्यमबाट परिवर्त्य विदेशी मुद्रा आर्जन हुनेगरी बेच बिखन गरेमा यस प्रकारको विक्रीलाई स्वदेश वाहिर निर्यात भए सरह (DEEMED EXPORT) मानी ती वस्तुहरू विक्री गर्ने उत्पादनकर्ता औद्योगिक फर्म/कम्पनीहरूलाई यस्तो विक्रीबाट हुने परिवर्त्य विदेशी मुद्रा आर्जन रकमबाट प्रचलित व्यवस्था अन्तर्गत परिवर्त्य विदेशी मुद्राको खाता खोली राख्न पाउने सुविधा प्रदान गर्ने व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक